केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/५/०७६/७७

मिति: २०७६/०५/२३

### सूचना

**श्री ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु**

महाशय,

नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाको पत्र संख्या वि.क्षे.व्य.सं.स. २०७४/७५ च.नं. ५७०, मिति २०७५/०१/२३ को पत्रबाट अनुरोध भै आएबमोजिम यस बैंकको पत्रसंख्या बै.वि.नि.वि./आ.प्र/ग/५५२/०७४/७५ मिति २०७५/०१/२३ को पत्रबाट प्रदेश नं. १ का ३२ वटा, प्रदेश नं. २ का १० वटा, प्रदेश नं. ३ का ११८ वटा, प्रदेश नं. ४ का २४ वटा, प्रदेश नं. ५ का ४० वटा, प्रदेश नं. ६ का १२ वटा र प्रदेश नं. ७ का ९ वटा विभिन्न यातायात व्यवसायी संघ र समितिहरुका नाममा रहेका खाताहरु रोक्का राखिएको व्यहोरा अवगत नै छ ।

यसै सन्दर्भमा नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७६/०४/१६ मा भएको निर्णय अनुसार अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाको पत्र संख्या वि.क्षे.व्य.सं.स. २०७६/७७ च.नं. ९८, मिति २०७६/०५/१२ को पत्रबाट **साविक यातायात व्यवसायी समितिका नाममा रहेको चल सम्पत्ति (बैंक खातामा रहेको रकम) त्यस्ता समितिहरु कम्पनीमा दर्ता भई रुपान्तरण भएको हकमा रुपान्तरित कम्पनीको खातामा सार्ने व्यवस्था मिलाउने प्रक्रिया अगाडि बढाउन** लेखी आएको हुँदा यस अघि रोक्का राखिएका साविक यातायात व्यवसायी समितिका नाममा रहेको चल सम्पत्ति (बैंक खातामा रहेको रकम) प्रचलित नियमानुसार रुपान्तरित कम्पनीको खातामा सार्ने व्यवस्था गर्नु गराउनु हुन यो सूचना जारी गरिएको छ ।

भवदीय,

(किरण पण्डित)
का.मु.कार्यकारी निर्देशक